# हिमालयन डिष्टिलरी लिमिटेड

को

# १३औं वार्षिक प्रतिवेदन

तथा

आर्थिक वर्ष २०६९/०७०

को

## वासलात एवं नाफा-नोक्सान हिसाब

## संचालक समिति

श्रीमती एम. शाह
अध्यक्ष

श्री अखिलेश्वर प्रसाद सिंह
संचालक

श्री विनोद श्रेष्ठ
संचालक

श्री सान्टु श्रेष्ठ
संचालक

श्री परिमल झा
संचालक

श्री शंकर राज पाण्डे
संचालक

श्री प्रकाशमणी घिमिरे
स्वतन्त्र संचालक

श्री राज बहादुर शाह
प्रबन्ध संचालक

# हिमालयन डिष्टिलरी लिमिटेड

लिपनी विर्ता गा. वि. स. ७, पर्सा
फोन नं. ०५१-६२०२२३

आदरणीय शेयरधनी महानुभावहरु,

**विषय : तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना ।**

यस कम्पनीको संचालक समितीको निर्णयानुसार कम्पनीको तेह्रौ वार्षिक साधारण सभा देहायका विषयहरूमा छलफल गर्नका लागि निम्न मिति, स्थान तथा समयमा बस्ने भएकोले शेयरधनी महानुभावहरूको उपस्थितिको लागि अनुरोध गरिएको छ ।

**छलफलका विषयहरु :**

१. संचालक समितिको तर्फबाट साधारण सभामा पेश हुने प्रतिवेदनलाई पारित गर्ने ।
२. कम्पनीको आ.ब.२०६९/०७० को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाब सहितको लेखापरीक्षण प्रतिवेदन स्वीकृत गर्ने वारे ।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७०/७१ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखा परिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे (हालको लेखा परीक्षक एन.अमात्य एण्ड कम्पनी पुनः नियुक्तीको लागि योग्य रहेको) ।
४. आ.व. २०७०।७१ मा कम्पनी ऐन २०६३ को दफा १०५(ग) ले व्यवस्था गरे भन्दा वढिको खर्चलाई पूर्व स्विकृतीको लागि विषेश प्रस्ताव पारित गर्ने वारे ।
५. कम्पनीको प्रवन्ध पत्रको दफा २(क), ५(ग) र ६(ग) तथा नियमावलीको नियम २(क), ५(घ) र ५(ङ) मा संसोधन सम्वन्धि विशेष प्रस्ताव पारित गर्ने वारे ।
६. थप दीर्घकालिन ऋण लिने वारे ।
७. संचालक समितिका अध्यक्ष र सदस्यहरूको वैठक भत्ता बृद्धि गर्ने वारे ।
८. बिविध ।

मिति : मंसिर ३०, २०७० आईतवार (तद्नुसार डिसेम्वर १५, सन् २०१३) ।
स्थान : कम्पनीको रजिष्ट्रर्ड कार्यालय, लिपनि विर्ता–७, पर्सा
समय : विहान ठिक १०:०० बजे ।

**साधारण सभा सम्बन्धि जानकारी :**

१. मिति २०७०/८/१० गते देखि २०७०/८/३० गते सम्म कम्पनीको शेयरवालाहरूको दाखिल खारेज किताब बन्द रहने छ।

२. कम्पनीको आ.व. २०६९/०७० को वार्षिक प्रतिवेदनहरू, प्रोक्सी फाराम, प्रवेश–पत्र समेत सम्पूर्ण शेयरधनी महानुभावहरूलाई हुलाक मार्फत पठाउने व्यवस्था मिलाइएको छ। कारणवश कसैलाई प्राप्त नभएको भए कम्पनीको रजिष्ट्रर्ड कार्यालय, लिपनि विर्ता ७, पर्साबाट शेयरधनीको प्रमाण प्रस्तुत गरि उक्त प्रतिवेदनहरू प्राप्त गर्न सक्नु हुनेछ।

३. साधारण सभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरूले प्रवेश–पत्र वा शेयर प्रमाण पत्र र नेपाल सरकारबाट जारी भएको फोटो टासिएको नागरिकता, सवारी चालक ईजाजत, मतदाता पत्र जस्ता प्रमाण ल्याउनु हुन अनुरोध गरिन्छ।

४. सभा हुने दिन सभा शुरू हुनको लागि तोकिएको समय भन्दा पहिले उपस्थित भईदिनु हुन अनुरोध गरिन्छ।

५. उपस्थित पुस्तिका सभा हुने दिन विहान ८:०० बजे देखि खुला गरी विहान १०:०० बजे उप्रान्त पूर्ण रूपमा बन्द गरिने छ।

६. नावालक वा बिक्षिप्त शेयरधनीहरूको तर्फबाट कम्पनीको शेयर दर्ता किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्ने छ।

७. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने व्यक्ति कम्पनी वा संगठित संस्था भएमा त्यस्तो नियुक्ती पत्रमा सो संस्था वा कम्पनीको छाप सहित आधिकारिक व्यक्तिको दस्तखत भएको हुनु पर्नेछ। संस्थागत शेयरधनी बाहेक अन्यले यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा कम्पनीको अर्को शेयरधनिलाई मात्र गर्नु पर्नेछ।

८. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्ति गर्दा सो नियुक्ति पत्र कम्पनीको साधारण सभा हुनु भन्दा ९६ घण्टा अगाबै प्रतिनिधि पत्र (प्रोक्सी) फारम कम्पनी समक्ष दर्ता गरि सक्नु पर्नेछ। सभामा भाग लिन वा मतदान गर्न प्रतिनिधि दर्ता गरिसके पछि सो लाई बदर गरि अर्को प्रतिनिधि पत्र (प्रोक्सी) दिन चाहेमा सो को सूचना ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय पर्सामा दर्ता गर्नु पर्नेछ। प्रतिनिधि मुकरर गर्दा केहि शेयर आफैसँग बाँकी राखि प्रतिनिधि मुकरर गर्न पाईने छैन। सम्पुर्ण शेयरको लागि एकै व्यक्तिलाई प्रतिनिधि मुकरर गर्नु पर्नेछ। प्रतिनिधि मुकरर गर्ने शेयरधनी सभामा स्वयं उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि (प्रोक्सि) स्वतः रद्द हुनेछ।

९. बिविध शिर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनीहरूले सभा हुनु भन्दा सात दिन अगावै छलफलको बिषय खोलि कम्पनी सचिव मार्फत लिखित रूपमा संचालक समितिको अध्यक्षलाई जानकारी दिनु पर्नेछ।

१०. सभामा आफनो मन्तव्य वा जिज्ञासा व्यक्त गर्न चाहनु हुने शेयरधनी महानुभावहरूले सभाध्यक्षले तोकेको समयमा एक/एक गरि मन्तव्य वा जिज्ञासा व्यक्त गरिदिनु भई सहयोग गरिदिनु हुन अनुरोध छ।

११. शेयरधनीले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरूका सम्बन्धमा संचालक समितिका तर्फबाट एकल वा सामुहिक रूपले उत्तर दिईने छ।

१२. सभा सम्बन्धी अन्य केही जानकारी बुझ्नु परेमा कम्पनीको रजिष्टर्ड कार्यालय, लिपनि विर्ता ७, पर्सामा कम्पनी सचिवसंग कार्यालय समय भित्र सम्पर्क राख्नु हुन अनुरोध छ।

आज्ञाले,
कम्पनी सचिव

**श्री संचालक समिती,**

**हिमालयन डिष्टिलरी लिमिटेड ।**

विषय : प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

.................................. जिल्ला ......................................... न. पा. /गा.वि.स. वडा नं ......... बस्ने म/हामी ........................................................................................ले त्यस कम्पनीको शेयरवालाको हैसियतले २०७० मंसिर ३० गते आईतवारका दिन हुने तेह्रौं वार्षिक साधारण सभामा म स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो तर्फबाट भाग लिन तथा मतदान गर्नको लागि .........................जिल्ला ................................ न. पा/गा.वि.स ..........................वडा नं .........बस्ने त्यस कम्पनीका शेयरवाला श्री ............................................शेयर प्रमाण पत्र नं.........................लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको
हस्ताक्षरको नमूना :

निवेदक,
हस्ताक्षर :
नामः
ठेगाना :
शेयर प्रमाण पत्र नं. :
कि.नं..................देखि ................सम्म ......
मिति :

नोट : यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा ९६ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय लिपनि विर्ता –७ पर्सा मा पेश गरि सक्नु पर्नेछ । **एक भन्दा बढी प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फारम रद्द गरिने छ ।**

**(कृपया यहाँ काटनु होला)**

हिमालयन डिष्टिलरी लिमिटेडको तेह्रौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको
प्रवेश – पत्र

शेयरधनीको नाम ..............................................................................................
शेयरधनीको सही .................................... प्र.प.न. ..............शेयर संख्या नं .................देखि ............... सम्म जम्मा ........................थान ।

हिमालयन डिष्टिलरी लि. को मिति २०७०/८/३०गते आइतवारका दिन हुने तेह्रौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश–पत्र ।

..... ................
(कम्पनी सचिव)

द्रष्टव्य : शेयरवाला आफैंले खाली कोष्ट भर्नुहोला ।
(सभा कक्षमा प्रवेश गर्न यो प्रवेश–पत्र अनिवार्य रूपमा लिई आउनु हुन अनुरोध छ ।)

# हिमालयन डिष्टिलरी लिमिटेडको
## तेह्रौं बार्षिक साधारण सभामा
## संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**

सर्व प्रथम हिमालयन डिष्टिलरी लिमिटेडको यस तेह्रौं बार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई संचालक समिति तथा मेरो आफ्नै तर्फबाट समेत हार्दिक स्वागत गर्न चाहान्छु । साथै यहांहरू समक्ष आ.ब.२०६९/७० को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाहको विबरण सहितको यो बार्षिक प्रतिवेदन अनुमोदनका लागि पेश गर्न अनुमति चाहन्छु ।

**१. आर्थिक वर्ष २०६९/०७० को कारोबारको सिंहावलोकन :-**

आर्थिक वर्ष २०६९/७०मा कम्पनीले गरेको कारोबारको संक्षिप्त बिवरण निम्नानुसार रहेको छ ।

| विवरण | आ.ब.२०६९/७० को बास्तविक नाफा नोक्सान विबरण |
|---|---|
| बिकी | १,१९,०९,२८,३६३ |
| कूल संचालन नाफा | ३६,६१,६६,५८५ |
| व्याज तथा ह्रास कट्टी/अपलेखन पूर्वको नाफा | १४,४१,९४,४६४ |
| व्याज पूर्वको नाफा | १०,२३,०१,०९९ |
| आयकर तथा व्यवस्था पूर्वको नाफा | ८,५७,५५,४६० |
| आयकर पछिको नाफा | ५,३९,३४,५६७ |

यस आ.ब.मा गत वर्षको भन्दा कम्पनीबाट उत्पादन भएका मदिराहरूको विकी वितरणमा कमी आएता पनि कम्पनीको व्यवस्थापनले नचाहिंदा खर्च कटौति गर्दै उच्च लगनशिलता, सम्वेदनशील र मेहनतका साथ काम गरी रू.५,३९,३४,५६७/– खुद मुनाफा आर्जन गर्न सफल भएको छ । यस किसिमको कार्यलाई आगामी वर्षमा समेत निरन्तरता दिई कम्पनीलाई नाफामा लैजान कम्पनी व्यवस्थापन प्रयत्नशील रहने छ ।

**२. राष्ट्रिय तथा अन्तराष्ट्रिय स्थितिबाट कम्पनीको कारोबारलाई परेको असरहरु :-**

(क) नेपाल विद्युत प्राधिकरणले सप्लाई गर्ने विद्युत सेवामा निरन्तर कटौति गरेको कारणले कम्पनीको उत्पादन लागतमा वृद्धि हुन पुगेको छ ।

(ख) नेपाल सरकार, गृह मन्त्रालयले जारी गरेको मदिरा सेवन गरी सवारी चलाउन नपाउने (मा.प.से.) नीतिका कारणले मदिराको बिकी वितरणमा प्रतिकुल प्रभाव परेको छ ।

(ग) यस कम्पनीले प्रयोग गरिरहेको कच्चा पदार्थहरु: कनिका तथा मकै विभिन्न सप्लायर्सहरुबाट आउने र समय समयमा उक्त कच्चा पदार्थहरुको अभाव हुने, प्राप्त हुने कच्चा पदार्थहरुको पनि गुणस्तर कम हुने भएकाले उत्पादनमा प्रतिकुल प्रभाव परेकोछ । उद्योगका लागि आवश्यक मेसेनरी, पार्ट पुर्जा, जडान खर्च,कच्चा पदार्थ, सहायक कच्चा पदार्थहरूमा समेत मुल्य बृद्धिका साथ साथै बजारमा विदेशी मुद्राको सटही दर रेटमा अत्याधिक बृद्धि भएका कारणले उत्पादन लागतमा बृद्धि हुन गएको छ ।

(घ) गत वर्ष भन्दा यस वर्ष विभिन्न बाह्य कारणले गर्दा मदिरा विकी घट्न गएबाट कम्पनीको कारोवारमा असर परेको छ ।

(ङ) उपभोक्ताको चाहना White Spirit तर्फ ढल्किन गएको र हालै कम्पनी संग उक्त White Spirit मा आधारित मदिरा नभएको कारणवाट कम्पनीको कारोवारमा प्रतिकुल प्रभाव पर्न गएको महसुस गरिएको छ ।

## ३. प्रतिवेदनको मिति सम्म चालु वर्षको उपलब्धी र भविष्यको सम्बन्धमा संचालक समितिको धारणा :

(क) आर्थिक बर्ष २०६९/७० को प्रथम तीन महिनाको तुलनामा आर्थिक बर्ष २०७०/०७१ को प्रथम तीन महिनामा कम्पनीको बिक्रि वितरणमा कम हुन गएकोछ । सो को विवरण तपसिलमा उल्लेख गरिएको छ ।

| महिना | आ.ब. २०६९/७० | आ.ब. २०७०/७१ |
|---|---|---|
| श्रावण देखि आश्विन सम्म | ७,०२,१८,७२३।०० | ५,१२,८३,९६८।०० |

(ख) बजारको अवस्था र उपभोक्ताको चाहनालाई मध्यनजर राख्दै कम्पनीले केहि समय पछि white spirit मा आधारित थप ब्राण्ड मदिरा उत्पादन गर्ने र विकी वितरण गर्ने लक्ष्यका साथ कार्य गरिरहेको छ ।

(ग) कम्पनीको कारोवारमा बृद्धि गर्नका लागि कम्पनीले Blenders Pride नामक मदिराको उत्पादन तथा विकी वितरणको कार्य तत्काल मात्र सुभारम्भ गरिएको छ । यसवाट कम्पनीको कारोवारमा सकारात्मक प्रभाव देखिने कम्पनी संचालक समितिले विश्वास लिएका छौं ।

(घ) उत्पादनमा ईन्धनको लागत कम गर्नको लागि Husk Fired Boiler तथा Turbine जडान गरी संचालन गर्ने कार्यले कम्पनीको उत्पादन लागत केहि मात्रामा भए पनि कम हुन गएको छ । यसै गरी यस चालु आर्थिक वर्षमा उत्पादन लागतमा कम गर्नका लागि थप 4MT को एक Husk Boiler जडान गर्ने लक्ष्यका साथ कार्य सुभारम्भ गरी सकेको छ । उक्त Husk Boiler जडान गरी संचालन पश्चात स्प्रिट उत्पादन लागतमा थप घट्न जाने अपेक्षा गरेका छौं ।

(ङ) साविक वर्षमा जस्तै यस वर्ष पनि Continuous Distillation लाई निरन्तरता दिई स्प्रिट उत्पादन तथा विक्रिलाई समेत प्राथमिकताका साथ अघि बढाउने कार्यलाई निरन्तरता दिने योजना अनुरुप कार्य गरिरहेका छौं । तत्काल उत्पादनमा देखिएको सकारात्मक प्रभावले कम्पनीले अपेक्षा गरे अनुरुपको प्रतिफल प्राप्त गर्न सफल हुने विश्वास लिएका छौं ।

(च) औद्योगिक वातावरण लगायत सर्व साधारणको हित, स्वास्थ्यमा प्रतिकुल प्रभाव नपरोस भनी कम्पनीले जडान गरेको ETP लाई समयानुसार परिमार्जन गर्ने कार्य निरन्तर रूपमा गरिरहेका छौं ।

## ४. औद्योगिक र व्यवसायीक सम्वन्धमाः-

(क) कम्पनीको कारोबार अभिबृद्धिका लागि नवौं बार्षिक साधारण सभाबाट स्वीकृती प्राप्त भए अनुसार बाह्र करोड रूपैया चालु पूँजी थप गर्ने प्रयास गरि रहेता पनि हालसम्म उक्त कर्जा पूर्ण रूपमा विविध कारणले गर्दा प्राप्त गर्न सकिरहेका छैनौं । उक्त स्विकृत कर्जा विभिन्न वित्तीय संस्थाबाट लिनको लागि यस वर्ष पनि कम्पनी प्रयत्नशील रहने छ ।

(ख) कम्पनीको लागी आवश्यक कच्चा पदार्थहरू आपुर्ति गर्ने स्थानीय तथा विदेशी सप्लायर्सहरू संगको सम्वन्धमा अनुकुल सुधार हुन गई अघिल्लो आर्थिक बर्षको तुलनामा यस कारोवार वर्षमा कच्चा पदार्थ, तैयारी तथा अर्ध तैयारी सामानहरूको आपुर्तिमा नियमितता ल्याउने प्रयास गरेका छौं ।

(ग) यस वर्ष पनि वातावरण एवं समाज प्रतिको उत्तरदायित्वलाई कम्पनीले प्राथमिकताका साथ लिएकोछ । पर्यटन प्रवर्धनका लागि गल्फ क्लब, स्थानीय क्लबहरू लगायतसँग सहकार्य गरी कार्य गर्ने लक्ष्य लिएका छौ । यस बाट कम्पनीको शाखःमा उल्लेख्य बृद्धि हुन पुग्ने महशुस हामीले गरेका छौं ।

## ५. संचालक समितिमा भएको हेरफेर र त्यसको कारणः-

आ.व.२०६९।०७० मा संचालक समितिमा कुनै.हेरफेर नभएता पनि मिति २०७० साल आश्विन १६ गते भएको विषेश साधारण सभाले संस्थापक समुहबाट ५(पाँच) जना र सर्व साधारण समुहबाट ३(तीन) जना समेत जम्मा ८ (आठ) जना रहेको तपशिलमा उल्लेख भए बमोजिमको संचालकहरुलाई आगमी ४ वर्षका लागि संचालक समितिमा अनुमोदन गरेको छ ।

| सि.न. | संचालक समितिका अध्यक्ष एवं सदस्य | समुह | कैफियत |
|---|---|---|---|
| १ | श्रीमती मारग्रेट टि.जे.शाह | संस्थापक/अध्यक्ष | मेजेष्टिक भेन्चर्स प्रा.लि. |
| २. | श्री नरेन्द्र कुमार वस्न्यात् | संस्थापक/सदस्य | |
| ३. | श्री अखिलेश्वर प्र. सिंह | संस्थापक/सदस्य | |
| ४. | श्री विनोद श्रेष्ठ | संस्थापक/सदस्य | |
| ५. | श्री राज बहादुर शाह | संस्थापक/सदस्य | |
| ६. | श्री शंकरराज पाण्डे | सर्वसाधारण/सदस्य | |
| ७. | श्री परिमल झा | सर्वसाधारण/सदस्य | |
| ८. | श्री सान्टु श्रेष्ठ | सर्वसाधारण/सदस्य | |

## ६. कारोवारलाई असर पार्ने मुख्य कुराहरू :–

(क) उत्पादनमा प्रयोग हुने विद्युत आपुर्तीमा कमी ।

(ख) कच्चा पदार्थ लगायत सहायक कच्चा पदार्थको मुल्य बृद्धि, गुणस्तरीय नहुनु र अभाव हुनु ।

(ग) अन्तः शुल्क दरमा वार्षिक रूपमा भारी बृद्धि हुनु ।

(घ) मदिरा तथा स्प्रिट आयत खुल्ला रूपमा हुनु ।

## ७. लेखा परीक्षण प्रतिवेदनमा कुनै कैफियत भए सो मा प्रतिकृया :–

लेखा परीक्षणमा कुनै कैफियत नरहेकाले कुनै पनि प्रतिकृया नभएको व्यहोरा अनुरोध छ ।

## ८. मुनाफा बाडँफाड गर्न सिफारिस गरिएको प्रतिशत :–

आर्थिक वर्ष २०६९/७० मा रू.५,३९,३४,५६७/–खुद मुनाफा आर्जन भएको भएता पनि अघिल्ला बर्षहरूमा संकलित नोक्सानी भएको र सो नोक्सानी हाल सम्म पूर्ण रूपमा कट्टा गरि नसकेको हुनाले कम्पनी ऐन २०६३ को दफा १८२ अनुसार मुनाफा बाँडफाँडको सिफारीस गर्न नसकिएको व्यहोरा जानकारी गराउदछौं ।

अन्त्यमा शेयरधनी महानुभावहरूबाट कम्पनीलाई सहयोग प्राप्त भैरहने आशा एवं विश्वास व्यक्त गर्दै कम्पनीलाई सहयोग पुर्‍याउनु हुने नेपाल सरकारका विभिन्न निकायका कर्मचारीहरू, कम्पनीका कर्मचारीहरू, सप्लायर्सहरू, वितरकहरू, उपभोक्ताहरू लगायत सम्पूर्ण महानुभावहरूलाई संचालक समिति एवं मेरो आफ्नै तर्फबाट हार्दिक कृतज्ञता एवं धन्यवाद व्यक्त गर्न चाहन्छु ।

संचालक समितिको तर्फबाट
श्रीमती मारग्रेट.टि.जे. शाह
अध्यक्ष

## कम्पनी ऐन २०६३ को दफा १०९ को उप दफा ४ अनुसारको अतिरिक्त बिवरण : (आर्थिक बर्ष २०६९/७०)

१. शेयर जफत सम्बन्धि बिवरण : यस अर्थिक बर्षमा कुनै पनि किसिमको शेयरहरू जफत भएका छैनन ।

२. कम्पनी र सहायक कम्पनी बिचको कारोबार : यस कम्पनीको कुनै सहायक कम्पनीहरू नभएकोले कुनै कारोवार भएको छैन ।

३. कम्पनीका आधारभुत शेयरधनिहरूले कम्पनीलाई उपलब्ध गराएको जानकारी : यस्तो कुनै जानकारी प्राप्त हुन आएको छैन ।

४. विगत आर्थिक बर्षमा कम्पनीका संचालक र पदाधिकारीहरूले लिएको शेयर स्वामित्वको बिवरण : कम्पनीका कुनै संचालक वा पदाधिकारीबाट शेयर खरिद गरिएको छैन ।

५. कम्पनी संग सम्बन्धित सम्झौताहरूमा कुनै संचालक वा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थ बारे उपलब्ध गराईएको जानकारीको व्यहोरा : यस अबधिमा त्यस्तो कुनै सम्झौता भएको जानकारी कम्पनीमा प्राप्त भएको छैन ।

६. बाई ब्याक गरिएका शेयरको बिवरण : कम्पनीले आफना शेयरहरू आफैले खरिद गरेको छैन ।

७. आन्तरिक नियन्त्रण व्यवस्था : कम्पनीको आन्तरीक नियन्त्रण व्यवस्था प्रभावकारी रहेको छ । आन्तरिक नियन्त्रण व्यवस्थामा अबलम्बन गरिएका मुख्य प्रकृयाहरू निम्नानुसार रहेका छन ।

   क. मजबुत आन्तरीक निरिक्षण र नियन्त्रण व्यवस्था अपनाईएको छ ।

   ख. उत्पादन तथा बिक्रि वितरणमा प्रत्यक्ष नियन्त्रण तथा अनुगमनका लागी नेपाल सरकार, आन्तरीक राजश्व कार्यालयबाट पुर्णकालिन कर्मचारी खटाई प्रत्यक्ष नियन्त्रण एवं अनुगमन गर्ने गरिएको छ ।

   ग. कम्पनीमा आन्तरीक लेखा परिक्षक नियुक्ती गरी लेखा परीक्षण गर्ने कार्य गरिएको छ । सो कार्यलाई व्यवस्थित एवं आन्तरिक नियन्त्रण अझ सुदृढ गर्नका लागि लेखा परीक्षण समितिको मातहतमा रहने गरी एक Audit Complaince co-ordinator को नियुक्ती गरिएकोछ ।

८. समिक्षा बर्षमा भएको कुल व्यवस्थापन खर्च :

| बिवरण | २०६९/७० |
|---|---|
| कर्मचारी खर्च | ३,३७,०९,१५१ |
| कार्यालय संचालन खर्च | ४,७९,७५,८६५ |
| जम्मा व्यवस्थापन खर्च | ८,१६,८५,०१६ |

### ९. लेखा परीक्षण समितिको सदस्यहरूको नामावली, पारश्रमिक भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहिको बिवरण र समितिले दिएको सुझावको बिवरण :

क. लेखा परीक्षण समितिका सदस्यहरूको नामावली : लेखा परिक्षण समितिमा निम्नानुसारका सदस्यहरू रहनु भएको छ ।

   १. श्री अखिलेश्वर प्रसाद सिंह

   २. श्री विनोद श्रेष्ठ

   ३. श्री सान्दु श्रेष्ठ

ख. समितिका अध्यक्षलाई र सदस्यहरूलाई प्रति बैठक कर सहित रू.३,५००/- बैठक भत्ताको व्यवस्था गरिएको छ ।

ग. समितिले गरेको काम कारवाहिको बिवरण :

(१) कम्पनीको अलेखापरीक्षित वासलात, नाफा नोक्सान हिसाव, वास्तविक नाफा नोक्सानको तुलनात्मक हिसाव, वास्तविक खर्चहरुको बिवरण, बिक्रि परिमाण र मुल्य, लक्ष्य र विक्रिको तुलनात्मक विवरण सहितको बिवरणहरु माग गरि समिक्षा

गर्ने कार्य गरेको ।

(२) प्रत्येक त्रैमासिक अवधिको लेखा विवरणहरु आन्तरिक लेखा परीक्षकबाट लेखा परीक्षण गराई निजले दिएको लेखा प्रतिवेदनमा जनाएका कैफियत अनुसार समिक्षा गर्ने र सो अनुसार कम्पनी व्यवस्थापनलाई सुधार गर्न गराउन निर्देशन समेत दिने गरेको ।

(३) त्रैमासिक रुपमा नियमित आन्तरीक लेखा परीक्षण कार्य गर्न निर्देशन दिएको,

(४) कम्पनीको लेखा परीक्षण समितिको सिफारिस अनुसार आन्तरीक लेखा परीक्षक नियुक्ती गरिएको ।

(५) लेखा परीक्षक नियुक्तिका लागी सिफारीस गर्ने लगायत कम्पनीको लेखा सम्बन्धि बिषयमा राय सल्लाह र सुझावहरू लेखा समितिले गर्ने गरेको जानकारी गराउदछौं ।

**१०. संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमूख, अधारभुत शेयरधनी र निजका नजिकका नातेदार तथा संलग्न फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाकि भए सो कुरा : कुनै रकम बुझाउन बाकी नदेखिएको ।**

**११. संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमूख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

| बिवरण | आ.ब. २०६९/७० |
|---|---|
| श्री राज बहादुर शाह (प्रबन्ध संचालक) | ३०,५२,९००।०० |
| श्री पंकजराज श्रेष्ठ (प्रमूख कार्यकारी अधिकृत) | २९,१५,५२५।०० |
| अन्य पदाधिकारीहरू | २,७७,४०,७२६।०० |

**१२. शेयरधनीहरुले बुझि लिन बाकि रहेको लाभांशको रकम : छैन ।**

# हिमालयन डिष्टिलरी लिमिटेडको

## शेयरधनी महानुभावहरु समक्ष लेखापरीक्षकको प्रतिबेदन

### १. वित्तिय विवरण माथीको प्रतिवेदन

हामीले हिमालयन डिष्टिलरी लिमिटेडको यसैसाथ संलग्न वित्तिय विवरणहरु २०७०/३/३१ (१५ जुलाई २०१३) को वासलात, र सोही मितिमा समाप्त बर्षको विस्तृत आय विवरण, पूंजीमा भएको परिवर्तनको विवरण, नगद प्रवाहको विवरणका साथै अपनाइएका मुख्य मुख्य लेखा निती अन्य विश्लेशण युक्त जानकारी समावेश छ को लेखापरीक्षण गर्‍यौं ।

### २. वित्तिय विवर०ा प्रति ब्यवस्थापनको उत्तर दायित्व

नेपाल लेखापरीक्षण मान् अनुसार वित्तीय विवरणहरु उपयुक्त तरिकाले तयार गरी सारभुत रुपमा ठिकसित प्रस्तुतीकरण गर्नु व्यवस्थापनको उत्तर दायित्व हो र जाल साजी वा गल्तीबाट बित्तिय विवरणमा समाबेश आंकडा गलत नहोस भन्ने हेतु व्यवस्थापनबाट आन्तरिक नियन्त्रणको आवश्यक व्यवस्था गर्नु पर्दछ ।

### ३. लेखापरीक्षकको उत्तरदायित्व

लेखापरीक्षकको नाताले हाम्रो उत्तर दायित्व वित्तिय विवरण प्रति आफ्नो मन्तब्य जाहेर गर्ने हो । हामीले नेपाल लेखा परीक्षणमान् अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौ । उक्त लेखामान्बाट तोकेको आचारसंहिता पालना गर्दै वित्तिय विवरण सारभुत रुपमा गलत आंकडा रहित छ भन्ने कुरामा विश्वस्त हुन लेखापरीक्षणमान् अनुसार लेखापरीक्षण योजना तयार गरी सो अनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ ।

वित्तीय विवरणका आंकडा तथा खुलाइएका अन्य विवरणलाई पुस्ट्याई गर्ने प्रमाण प्राप्त गर्ने विधी लेखापरीक्षणमा अपनाएको हुन्छ । लेखापरीक्षकले अपनाउने विधीको चुनाव लेखापरीक्षकको फैशलामा निर्भर गर्दछ र सोही विधीको आधारमा लेखापरीक्षकले जालसाजी वा गल्तीको जोखिमबाट सारभुतरुपमा वित्तिय विवरणका आंकडाहरु गल्ती रहित छ भन्ने ब्यहोरा निर्धारण गर्दछ । उल्लेखित जोखिम निर्धारण गर्दा कम्पनीको वित्तिय विवरणको तयारी र खुलाइएका विवरण सम्बन्धमा अपनाएको आन्तरिक नियन्त्रणको प्रभावकारीताको विचार गरी मौजुदा परिस्थिती अनुसार लेखापरीक्षण विधी तयार गर्दछ । तर यस्ले कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली कती प्रभावकारी छ भन्ने धारणा प्रस्तुत गर्नको लागी हुने छैन । कम्पनीले अवलम्बन गरेको लेखासिद्धान्तको उपयुक्तता ब्यवस्थापनले गरेको वित्तीय अनुमानको औचित्यताका साथै वित्तिय विवरण प्रस्तुतीको समग्र स्थितीको मुल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणमा उपलब्ध गरेका जानकारीले हाम्रो मन्तब्यलाई प्रयाप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

### ४. मन्तब्य

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले सोहीसाथ संलग्न लेखा निति तथा लेखासंग सम्बन्धित टिप्पणीहरुका साथै अध्ययन गर्दा २०६९ आषाढ ३१ गतेको वित्तीय स्थिती, सो मितिमा समाप्त भएको आर्थिक बर्षको संचालन नतिजा र नगद प्रवाहको उचित तथा यथार्थ चित्रण गरेको र यी विवरणहरु नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाबाट जारी नेपाल लेखामान, लेखाको सर्वमान्य सिद्धान्त तथा प्रचलन अनुसार र कम्पनी ऐन २०६३ को निर्देशन अनुसार ठिकसंग तयार गरिएका छन् ।

### ५. अन्य कानुनी तथा नियमनकारीको आवश्यकता माथीको प्रतिवेदन

माथि उल्लेखित ब्यहोराको अतिरिक्त हामीले गरेको लेखा परीक्षण तथा हामीलाई प्राप्त सूचना एवं उपलब्ध स्पष्टिकरणको आधारमा निम्नानुसारको थप प्रतिवेदन पेश गर्दछौं ।

क) हामीले लेखापरीक्षणको लागी आवश्यक ठानेका सबै सूचना तथा स्पष्टीकरणहरु यथा सिघ्र पायौं ।
ख) हाम्रो विचारमा कम्पनीले आफ्नो हिसाब किताब प्रचलित कानुन अनुसार ठीकसंग राखेको छ ।
ग) यस प्रतिवेदनसंग सम्वन्धित वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण कम्पनीले राखेको लेखासंग दुरुस्त रहेका छन् र यी विवरणहरु कम्पनी ऐन २०६३ बमोजिम तयार भएका छन् ।
घ) कम्पनीले गरेको कारोवार त्यसको अख्तियारी भित्र रहेको र यी कारोवार सन्तोषजनक रुपमा भएको देखिन्छ ।
ङ) कम्पनीको संचालक समिति वा कुनै संचालक वा कम्पनीको कुनै कर्मचारीले लेखा सम्वन्धि कुनै ऐन कानून बिरुद्ध काम गरेको वा कम्पनीलाई कुनै हानी नोक्सानी वा वेहिसाब गरेको देखिदैन ।

..................................
सि.ए. नेम लाल अमात्य
साझेदार
नि. एन.अमात्य एण्ड कम्पनी
चार्टड एकाउन्टेन्टस्
मिति : २०७०।०६।१८
स्थान : काठमाण्डौ

# हिमालयन डिष्टिलरी लिमिटेड, पर्सा

## २०७० साल आषाढ ३१ (जुलाई १५, २०१३) को वासलात

| विवरण | अनुसूची | २०६९।७० (रू.) | २०६८।६९ (रू.) |
|---|---|---|---|
| पूजी तथा दायित्व | | | |
| शेयर पूँजी | १ | ३८,५६,४५,५०० | ३८,५६,४५,५०० |
| सुरक्षित ऋण | २ | ९९७,२८५ | २१,२६,०३४ |
| डेफर्ड कर दायित्व | | ४,८०,८५,७१७ | ४,९७,९७,००० |
| **जम्मा** | | **४३,४७,२८,५०२** | **४३,७५,६८,५३४** |
| सम्पति | | | |
| स्थिर सम्पति | | ८०,६३,७९,०८२ | ७६,१८,४०,७९१ |
| न्यून: ह्रास | | (३०,६४,१६,८७२) | (२७,१८,१८,८१९) |
| **खुद स्थिर सम्पति** | ३ | ४९,९९,६२,२१० | ४९,००,२१,९७२ |
| पूँजीगत कार्य प्रगती | | ३,४७,२०,१३३ | १२,९१,२६८ |
| चालु सम्पति | | | |
| नगद तथा वैंक मौज्दात | ४ | ६८,५२,९३९ | ३७,३९,३८९ |
| जिन्सी मौज्दात | ५ | १३,४२,१६,०९३ | १२,८३,१६,०५५ |
| आसामी तथा अन्य प्राप्त हुन बाँकी | | ७९,३७,५३२ | ६८,०५,७७३ |
| अग्रिम भूक्तानी, पेश्की तथा धरौटी | ६ | १०,५७,६०,२२९ | ४,९१,४८,४६१ |
| **जम्मा चालु सम्पति** | | **२५,४७,६६,७९३** | **१८,८०,०९,६७७** |
| न्यून : चालु दायित्व एवं व्यवस्था | | | |
| छोटो अवधिको ऋण | ७ | १४,२२,३८,१४८ | १५,४४,८६,१६८ |
| विविध साहुहरू | | ८,१६,०९,१०३ | ९,८१,५७,६५७ |
| ग्राहकहरूवाट अग्रिम भुक्तानी तथा भुक्तानी दिन वाँकी | ८ | १५,५२,२९,६३२ | ९,७६,७३,९१७ |
| व्यवस्था | ९ | ७,०१,२०,७६१ | ४,६५,७५,७८६ |
| **जम्मा चालु दायित्व** | | **४४,९१,९७,६४५** | **३९,६८,९३,५२८** |
| **खुद चालु सम्पति** | | **(१९,४४,३०,८५२)** | **(२०,८८,८३,८५१)** |
| विविध खर्च | १० | ७१,५७,९७३ | १,३८,८५,५४० |
| नाफा तथा नोक्सानी खाता | | ८,७३,१९,०३८ | १४,१२,५३,६०४ |
| **जम्मा** | | **४३,४७,२८,५०२** | **४३,७५,६८,५३४** |
| सम्भाव्य दायित्व | ११ | १,२८,२०,८५६ | १,२८,२०,८५६ |
| महत्वपूर्ण लेखा नीति र टिप्पणीहरू | १७ | | |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| ............... | ................... | ...................... | ................................ |
|---|---|---|---|
| वित्त प्रमुख | प्रवन्ध संचालक | अध्यक्ष | सि.ए. नेमलाल अमात्य |
| | | | साझेदार |
| | | | एन. अमात्य एण्ड कम्पनी |
| | | | चार्टर्ड एकाउण्टेण्टस् |

मिति : २०७०–०६–१८
काठमाडौ

## हिमालयन डिष्टिलरी लिमिटेड, पर्सा

### २०६९ श्रावण १ देखि २०७० आषाढ ३१ (जुलाई १६, २०१२ देखि जुलाई १५, २०१३) सम्मको नाफा नोक्सान खाता

| विवरण | अनुसूची | २०६९/७० (रु.) | २०६८/६९ (रु.) |
|---|---|---|---|
| आम्दानी | | | |
| संचालन आय | १२ | १,१९,०९,२८,३६३ | १,३४,९६,७३,६३५ |
| न्यून : संचालन लागत | १३ | (८२,४७,६१,७७८) | (९३,७३,१९,०६७) |
| **कूल संचालन नाफा** | | **३६.६१.६६.५८५** | **४१.२३.५४.५६८** |
| अन्य आम्दानी | | १,२२,१९,९२० | १८,८९,८६० |
| सम्पत्ति विक्रीवाट भएको नाफा/(घाटा) | | १,५०,६६,३०१ | (२९५९६०) |
| बिक्री तथा वितरण खर्चहरू | १४ | (१६,७५,७३,३२५) | (१३,८१,४१,४९५) |
| प्रशासनिक खर्चहरू | १५ | (८,१६,८५,०१६) | (७,५२,१०,९७२) |
| **ब्याज तथा ह्रास कट्टी /अपलेखन पूर्वको नाफा** | | **१४.४१.९४.४६४** | **२०.०५.९६.००२** |
| ह्रास कट्टी तथा अपलेखन | | (३,५१,६५,७९८) | (३,४३,३३,१२९) |
| अपलेखन (सारिएको खर्च) | ३ | (६७,२७,५६७) | (१,१०,४०,१६२) |
| आसामी तथा सापटी अपलेखन | | – | (६२,०२,६०८) |
| बिक्री नहुने सामान अपलेखन | | – | (१,०३,६५,१६५) |
| **ब्याज पूर्वको नाफा** | | **१०.२३.०१.०९९** | **१३.८६.५४.९३८** |
| वित्तीय लागत | १६ | (१,६५,४५,६४०) | (२,७१,७८,०२९) |
| **आयकर तथा ब्यवस्था पूर्वको नाफा** | | **८.५७.५५.४६०** | **११.१४.७६.९०९** |
| बोनसको ब्यवस्था | | (७७,९५,९५१) | (१,०१,३४,२६४) |
| आयकरको ब्यवस्था | | | |
| चालु वर्षको कर | | (२,५७,३६,२२५) | (२,७१,१८,३५३) |
| डेफर्ड कर | | १७,११,२८३ | १७,१७,४५९ |
| **आयकर पछिको नाफा** | | **५.३९.३४.५६७** | **७.५९.४१.७५१** |
| **गतवर्ष सम्मको संकलित नोक्सानी** | | **(१४.१२.५३.६०४)** | **(२१.७१.९५.३५५)** |
| **बाँकी वासलातमा सारिएको** | | **(८.७३.१९.०३८)** | **(१४.१२.५३.६०४)** |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| | | | |
|---|---|---|---|
| ............... | ..................... | ..................... | ................................ |
| वित्त प्रमुख | प्रवन्ध संचालक | अध्यक्ष | सि.ए. नेमलाल अमात्य |
| मिति : २०७०–०६–१८ | | | साझेदार |
| काठमाडौ | | | एन. अमात्य एण्ड कम्पनी |
| | | | चार्टर्ड एकाउण्टेण्टस् |

# हिमालयन डिष्टिलरी लिमिटेड, पर्सा

## २०६९ श्रावण १ देखि २०७० आषाढ ३१ (जुलाई १६, २०१२ देखि जुलाई १५, २०१३) सम्मको नगद प्रवाह विवरण

| विवरण | २०६९/७० (रू.) | २०६८/६९ (रू.) |
|---|---|---|
| <u>संचालन गतिविधिबाट नगद प्रवाह</u> | | |
| खुद नाफा/(नोक्सान) | ७,७९,५९,५०९ | १०,१३,४२,६४५ |
| (नाफा नोक्सान खाता अनुसार) | | |
| समायोजनः | | |
| ह्रास कट्टि | ३,५१,६५,७९८ | ३,४३,३३,१२९ |
| व्याज खर्च | १,६५,४५,६४० | २,७१,७८,०२९ |
| स्थिर सम्पत्तिको बिक्रीबाट (नाफा)/घाटा | (१,५०,६६,३०१) | २९५,९६० |
| अपलेखन (सारिएको खर्च) | ६७,२७,५६७ | १,१०,४०,१६२ |
| आसामी तथा सापटी अपलेखन | – | ६२,०२,६०८ |
| बिक्री नहुने सामान अपलेखन | – | १,०३,६५,१६५ |
| **चालु पूँजी परिवर्तन अघिको नगद प्रवाह** | **१,२१,३३,२२,१२** | **१९,०७,५७,६९७** |
| <u>चालु पूँजी परिवर्तनको समायोजन</u> | | |
| जिन्सी मौज्दातमा (वृद्धि)/ह्रास | (५९,००,०३७) | (३,८६,५९,७७१) |
| आसामीमा (वृद्धि)/ह्रास | (११,३१,७६०) | ८४,०१,२४५ |
| सापटि, पेश्की तथा धरौटीमा(वृद्धि)/ह्रास | (५,६६,११,७६८) | ६९,१४,६२२ |
| चालु दायित्वमा वृद्धि/(ह्रास) | १,१६,९७,५५९ | (६,९५,३६,९२६) |
| **संचालन गतिविधीहरुबाट खूद नगद प्रवाह क** | **६,९३,८६,२०५** | **९,७८,७६,८६६** |
| <u>लगानी गतिविधिहरूबाट नगद प्रवाह</u> | | |
| स्थिर सम्पतिमा वृद्धि | (४,९१,४५,८०२) | (३,०१,९५,३८४) |
| स्थिर सम्पतिको बिक्री | १,९१,०६,०६७ | ३१,०६,८९२ |
| पूँजीगत कार्य प्रगतीमा वृद्धि | (३,३४,२८,८६५) | (१२,९१,२६८) |
| **लगानी गतिविधिहरुबाट कूल नगद प्रवाह ख** | **(६,३४,६८,६०१)** | **(२,८३,७९,७६०)** |
| <u>वित्तीय गतिविधिहरूबाट नगद प्रवाह</u> | | |
| सुरक्षित ऋणमा वृद्धि/ (ह्रास) | (११,२८,७४९) | (४,३३,३९,४९०) |
| छोटो अवधिको ऋणमा वृद्धि/(ह्रास) | (१,२२,४८,०२०) | – |
| न्यून : व्याज भुक्तानी | (१,६५,४५,६४०) | (२,७१,७८,०२८) |
| **वित्तीय गतिविधिहरुबाट कूल नगद प्रवाह ग** | **(२,९९,२२,४०८)** | **(७,०५,१७,५१८)** |
| **खूद नगद वा सो सरहमा वृद्धि/(ह्रास) क + ख + ग** | **(२,४०,०४,८०३)** | **(१०,२०,४१२)** |
| **नगद वा सो सरहको शुरुको मौज्दात** | **३७,३९,३८९** | **४७,५९,८०१** |
| **नगद वा सो सरहको अन्तिम मौज्दात** | **(२,०२,६५,४१४)** | **३७,३९,३८९** |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| ............... | ................... | ..................... | .............................. |
|---|---|---|---|
| वित्त प्रमुख | प्रवन्ध संचालक | अध्यक्ष | सि.ए. नेमलाल अमात्य |
| मिति : २०७०–०६–१८ | | | साझेदार |
| काठमाडौ | | | एन. अमात्य एण्ड कम्पनी |
| | | | चार्टर्ड एकाउन्टेण्टस् |

# हिमालयन डिष्टिलरी लिमिटेड, पर्सा

## २०६९ श्रावण १ देखि २०७० आषाढ ३१ (जुलाई १६, २०१२ देखि जुलाई १५, २०१३) सम्ममा पुंजी लगानीमा परीर्वतन को विवरण

रूपैयाँ

| विवरण | शेयर पुंजी | अन्य जगेडा | संचित नाफा/नोक्सानी | जम्मा |
|---|---|---|---|---|
| २०६८ श्रावण १ को बाँकी (जुलाई १७, २०११) | ३६,७२,३४,००० | १,८४,११,५०० | (२१,७१,९५,३५५) | १६,८४,५०,१४५ |
| आर्थिक वर्ष खुद नाफा (नोक्सानी) | – | – | ७,५९,४१,७५१ | ७,५९,४१,७५१ |
| जारी शेयर पूँजी | १,८४,११,५०० | (१,८४,११,५००) | – | – |
| **जम्मा** | **३८,५६,४५,५००** | | **(१४,१२,५३,६०४)** | **२४,४३,९१,८९६** |
| २०६९ श्रावण १ को बाँकी (जुलाई १६, २०१२) | ३८,५६,४५,५०० | – | (१४,१२,५३,६०४) | २४,४३,९१,८९६ |
| आर्थिक वर्षको खुद नाफा (नोक्सानी) | – | – | ५,३९,३४,५६७ | ५,३९,३४,५६७ |
| **२०७० आषाढ ३१ को बाँकी (जुलाई १५, २०१३)** | **३८,५६,४५,५००** | **–** | **(८,७३,१९,०३८)** | **२९,८३,२६,८६२** |

| | | | |
|---|---|---|---|
| ............... | .................... | ...................... | ................................ |
| वित्त प्रमुख | प्रवन्ध संचालक | अध्यक्ष | सि.ए. नेमलाल अमात्य |
| मिति : २०७०–०६–१८ | | | साझेदार |
| काठमाडौ | | | एन. अमात्य एण्ड कम्पनी |
| | | | चार्टर्ड एकाउण्टेण्टस् |

# हिमालयन डिष्टिलरी लिमिटेड, पर्सा

## आ.ब. २०६९/०७० को वितीय विवरण संग सम्बन्धित अनूसूचीहरु

| विवरण | २०६९/७० (रु.) | २०६८/६९ (रु.) |
|---|---|---|
| अनुसूची : १ <u>शेयर पुँजी</u> | | |
| ९०,००,००० साधारण शेयर रू. १०० का दरले | ९०,००,००,००० | ९०,००,००,००० |
| <u>जारी शेयर पुँजी</u> | | |
| ६०,१०,८०० साधारण शेयर रू.१०० का दरले | ६०,१०,८०,००० | ६०,१०,८०,००० |
| <u>जारी तथा चुक्ता पुँजी</u> | | |
| ३८,५६,४५५ साधारण शेयर रू. १०० का दरले | ३८,५६,४५,५०० | ३९,४५,८८,५०० |
| न्यून: प्राप्त हुन बाँकी शेयर रकम | | |
| ८९,४३० साधारण शेयर रू. १०० का दरले | – | (८९,४३,०००) |
| (गत वर्ष ८९,४३० साधारण शेयर रू. १०० का दरले) | | |
| **जम्मा** | **३८,५६,४५,५००** | **३८,५६,४५,५००** |

| विवरण | २०६९/७० (रु.) | २०६८/६९ (रु.) |
|---|---|---|
| <u>अनुसूची –२ सुरक्षित ऋण :</u> | | |
| हायर पर्चेज ऋण | ९९७,२८५ | २१,२६,०३४ |

हायर पर्चेज ऋण सवारी साधनको धितोमा सुरक्षित छ ।

## अनुसूचि ३: स्थिर सम्पति तथा ह्रासको बिवरण:

### २०७० साल आषाढ ३१ को वितीय विवरण संग सम्वन्धित अनूसूची

(रूपैयाँमा)

| बिवरण | ह्रास ५ | परल मूल्य | | | | ह्रास रकम | | | | खुद सम्पति | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शुरुको | खरिद | बिक्री | जम्मा | गत बर्ष सम्मको | यस बर्षको थप | बिक्री/ समायोजन | जम्मा | यस बर्षको | गत बर्षको |
| जग्गा | ० | २,७४,०७,०६० | २,०४,१७,००० | २४,२७,८०४ | ४,५३,९६,२५६ | – | – | – | – | ४,५३,९६,२५६ | २,७४,०७,०६० |
| भवन | १.६५ | ११,८७,४३,४५९ | ७०,९८,५३० | – | १२,५८,४१,९८९ | १,३०,२२,२९१ | १९,७४,५१९ | – | १,४९,९६,८११ | ११,०८,४५,१७९ | १०,५७,२१,१६८ |
| यन्त्र तथा औजार | ५.३० | ५४,८५,३७,३२४ | ५७,१६,६५० | – | ५५,४२,५३,९७३ | २३,७१,१९,०७१ | २,९२,७०,१९२ | – | २६,६३,८९,२६३ | २८,७८,६४,७१० | ३१,१४,१८,२५३ |
| सवारी साधन | ५.३० | २,६७,९७,८४१ | ३१,३१,१२५ | २१,७९,७०८ | २,७७,४९,२५८ | ४०,५७,०८५ | १४,५२,९०८ | ५,६७,७४६ | ४९,४२,२४७ | २,२८,०७,०१२ | २,२७,४०,७५६ |
| फर्निचर तथा फिक्सचर | ५.३० | ३७,८७,५५९ | १५,८६,४६७ | – | ५३,७४,०२६ | ११,६१,३४७ | २,१९,५८९ | – | १३,८०,९३६ | ३९,९३,०९० | २६,२६,२१२ |
| कम्प्युटर | ७.३० | ८८,१३,२८७ | ९,३२,७४८ | – | ९७,४६,०३५ | ३८,४८,३१२ | ६,७५,३८२ | – | ४५,२३,६९३ | ५२,२२,३४१ | ४९,६४,९७५ |
| कार्यालय सामाग्री | ५.३० | ९५,१३,३०० | १५,६३,०४० | – | १,१०,७६,३४० | २१,९५,३३४ | ५,२९,४७२ | – | २७,२४,८०६ | ८३,५१,५३४ | ७३,१७,९६६ |
| विद्युतिय जडान | ५.३० | १,७२,३८,३५७ | ५७,५४,०५५ | – | २,२९,९२,४०२ | ९९,०४,९३६ | ९,६२,४०८ | – | १,०८,६७,३४४ | १,२१,२५,०५८ | ७३,३३,४२१ |
| अन्य सम्पति | ५.३० | १०,०२,६०४ | ५९,३९१ | – | १०,६१,९९५ | ५,१०,४४४ | ५४,८४३ | – | ५,६५,२८७ | ४,९६,७०८ | ४,९२,१६० |
| लिजमा लिएको सम्पत्ति | १०वर्ष | | २८,५६,८०८ | – | २८,५६,८०८ | – | २६,४८४ | – | २६,४८४ | २८,६०,३२३ | – |
| जम्मा | | ७६,१८,४०,७९१ | ४,९१,४५,८०२ | ४६,०७,५१२ | ८०,६३,७९,०८२ | २७,१८,१८,८१९ | ३,५१,६५,७९८ | ५,६७,७४६ | ३०,६४,१६,८७२ | ४९,९९,६२,२१० | ४९,००,२१,९७२ |
| गत बर्ष | | ७३,६५,८२,३०५ | ३,०१,९५,३८४ | ४९,३६,८९८ | ७६,१८,४०,७९१ | २३,८०,१९,७३६ | ३,८३,३३,१२९ | १५,३४,०४६ | २७,१८,१८,८१९ | ४९,००,२१,९७२ | |

| विवरण | २०६९/७० (रू.) | २०६८/६९ (रू.) |
|---|---|---|
| अनुसूची –४ नगद तथा सो सरह | | |
| नगद मौज्दात | १४५,१३० | १८२,२५६ |
| बैंक मौज्दात (चल्ती खाता) | ६७,०७,८०९ | ३५,५७,१३३ |
| **जम्मा** | **६८,५२,९३९** | **३७,३९,३८९** |

| विवरण | २०६९/७० (रू.) | २०६८/६९ (रू.) |
|---|---|---|
| अनुसूची –५ जिन्सी मौज्दात: | | |
| तयारी माल | ५,२३,९३,१५७ | ५,६९,९९,७७३ |
| अर्धतयारी माल | ४९,१९,६६७ | ७४,२५,७८६ |
| कच्चा पदार्थ | २,६३,२५,००४ | १,८६,९९,७३७ |
| प्याकिङ्ग सामाग्री | ३,४४,०१,४१० | २,१३,४३,१६४ |
| प्रसोधन सामाग्री | २०,०४,०२७ | १,२९,७५,७२४ |
| मर्मतकोलागी पार्ट पुर्जा | १,४१,७२,८२९ | १,०८,७१,८७१ |
| **जम्मा** | **१३,४२,१६,०९३** | **१२,८३,१६,०५५** |

| विवरण | २०६९/७० (रू.) | २०६८/६९ (रू.) |
|---|---|---|
| अनुसूची –६ अग्रिम भुक्तानी, पेश्की तथा धरौटी | | |
| वैधानिक धरौटी: | | |
| अन्त:शुल्क धरौटी: | २७,७७,७७९ | २८,२५,६३० |
| अग्रिम/ आयकर धरौटी | ३९,५७,३२३ | ३९,५७,३२३ |
| मु. अ. क. धरौटी | ३१,२०,२३२ | ३१,२०,२३२ |
| प्रतित पत्र मार्जीन तथा अन्य धरौटी: | | |
| प्रतित पत्र मार्जीन तथा अन्य धरौटी | १,६१,१०,३२२ | ३,२३,७३९ |
| अन्य धरौटी | ६,५८,२७१ | ७,०८,२७१ |
| सापटी तथा पेश्कि | | |
| अग्रिम अन्त:शुल्क भुक्तानी | १२,१६,७३६ | – |
| अग्रिम आयकर | ५,३३,५७,९८२ | १,९१,४०,७२६ |
| कर्मचारी पेश्की | २०,७४,४८८ | २२,७३,०४४ |
| साहुहरूलाई पेश्की | ७३,७२,०८३ | २३,६८,२०४ |
| अन्य चालु सम्पति | | |
| अग्रिम खर्च | १६,०५,५५८ | ९,२१,८३८ |
| पुरानो प्याकिङ्ग सामान | १,३५,०९,४५५ | १,३५,०९,४५५ |
| **जम्मा** | **१०,५७,६०,२२९** | **४,९१,४८,४६१** |

| विवरण | २०६९/७० (रू.) | २०६८/६९ (रू.) |
|---|---|---|
| अनुसूची –७ अल्पकालिन ऋण | | |
| चालु पुँजी ऋण | ८,४५,९२,००० | ७,७४,२०,१९७ |
| अधिबिकर्ष सुबिधा | २,९४,२२,१४८ | ३,४२,८२,३७१ |
| ब्रीज ग्याप ऋण | २,८२,२४,००० | – |
| बाह्र महिना भित्र तिर्नुपर्ने दीर्घकालिन ऋणको किस्ता | – | ४,२७,८३,६०० |
| **जम्मा** | **१४.२२.३८.१४८** | **१५.४४.८६.१६८** |

चालु पुँजी ऋण तथा अधिबिकर्ष सुबिधा ऋण कन्सोर्टियम फाईनान्स अन्तर्गत लिईएको र कन्सोर्टियम सदस्यहरूको समानुपातिक हक लाग्ने गरी स्थिँर सम्पत्ति माथी दोश्रो हक तथा चालु सम्पत्ति माथी प्रथम हकको धितोमा सुरक्षित छ ।

| विवरण | २०६९/७० (रू.) | २०६८/६९ (रू.) |
|---|---|---|
| अनुसूची –८ ग्राहकहरूबाट पेश्की तथा तिर्नुपर्ने दायीत्व | | |
| ग्राहकहरूबाट पेश्की | ८,२३,१२,८७८ | १,०८,७२,५६० |
| तिर्नुपर्ने दायीत्व | | |
| तिर्न बाँकी अग्रिम आयकर | १,०६,८५,३२९ | १,१५,१४,८३६ |
| तिर्न बाँकी मुल्य अभिबृद्धि कर | ५,५७,५८,६०६ | ७,२४,०६,९९१ |
| कर्मचारीहरूलाई तिर्न बाँकी | ५१,३४,२२७ | २५,१०,९५९ |
| अन्य तिर्न बाँकी | १३,३८,५९२ | ३,६८,५७२ |
| **जम्मा** | **१५.५२.२९.६३२** | **९.७६.७३.९१७** |

| विवरण | २०६९/७० (रू.) | २०६८/६९ (रू.) |
|---|---|---|
| अनुसूची –९ व्यवस्थाहरू | | |
| कर्मचारी बोनसको व्यवस्था | ७७,९५,९५१ | १,०१,३४,२६४ |
| कर्मचारी उपदानको व्यवस्था | ९४,७०,२३२ | ८९,३६,५०६ |
| कर्मचारी बिदा बापत तलबको व्यवस्था | – | ३,८६,६६३ |
| आयकरको व्यवस्था | ५,२८,५४,५७८ | २,७१,१८,३५३ |
| **जम्मा** | **७.०१.२०.७६१** | **४.६५.७५.७८६** |

| विवरण | २०६९/७० (रू.) | २०६८/६९ (रू.) |
|---|---|---|
| अनुसूची –१० अपलेखन गर्न बाँकी बिविध खर्चहरू: | | |
| अगाडि सारिएको खर्चको शुरूको मौज्दात | १,३८,८५,४४० | २,४९,२५,७०१ |
| जोडः चालु वर्षमा थपिएको खर्च | - | - |
| न्युनः चालु बर्षमा अपलेखन गरिएको | (६७,२७,४६७) | (१,१०,४०,१६१) |
| **जम्मा** | **७१,५७,९७३** | **१,३८,८५,५४०** |

| विवरण | ०६९/७० (रू.) | २०६८/६९ (रू.) |
|---|---|---|
| अनुसूची –११ संभावित दायित्वः | | |
| मुद्दा चलिरहेको विवादित मुल्य अभिबृद्धि कर आ. व. २०५९/०६० | २,९१,६९५ | २,९१,६९५ |
| मुद्दा चलिरहेको विवादित अन्तः शुल्क आ. व. २०६१/०६२ | २७,७७,७७९ | २७,७७,७७९ |
| मुद्दा चलिरहेको विवादित मुल्य अभिवृद्धि कर आ. व. २०६१/०६२ | २०,४६,००० | २०,४६,००० |
| मुद्दा चलिरहेको विवादित अग्रिम आयकर आ. व. २०६१/०६२ | ७३,१९,०६२ | ७३,१९,०६२ |
| मुद्दा चलिरहेको विवादित अग्रिम आयकर आ. व. २०६२/०६३ | ३,८६,३२० | ३,८६,३२० |
| **जम्मा** | **१,२८,२०,८५६** | **१,२८,२०,८५६** |

| विवरण | २०६९/७० (रू.) | २०६८/६९ (रू.) |
|---|---|---|
| अनुसूची –१२ संचालन बाट आय्र: | | |
| स्थानीय बिकी: | १,१९,०७,१२,८३२ | १,३४,७१,१८,२६३ |
| निर्यात बिकी: | २,१५,४३१ | २५,५५,३७२ |
| न्यून: | | |
| बिकी फिर्ता: | – | – |
| व्यापारिक छुट | – | – |
| **जम्मा** | **१,१९,०९,२८,२६३** | **१,३४,९६,७३,६३५** |

| विवरण | २०६९/७० (रू.) | २०६८/६९ (रू.) |
|---|---|---|
| अनुसूची –१३ उत्पादन लागतः | | |
| शुरूको मौज्दातः (क) | | |
| कच्चा पदार्थ | १,८६,९९,७३७ | १,३०,९०,६६२ |
| प्याकिङ्ग सामाग्री | २,१३,४३,१६४ | ३,९८,९३,९७२ |
| **जम्मा (क)** | **४,००,४२,९००** | **५,२९,८४,६३४** |
| खरिद गरिएको सामाग्री (ख): | | |
| कच्चा पदार्थ | २८,२४,९१,०७२ | २९,७०,०४,४५४ |
| प्याकिङ्ग सामाग्री | १३,९९,०२,०५० | १७,१२,३८,०९६ |
| खरिदमा भएको प्रत्यक्ष खर्च | ९,७६,३६,८०१ | १०,६६,९६,०५३ |
| **जम्मा (ख)** | **५२,००,२९,९२३** | **५७,४९,३८,६०३** |

| | | |
|---|---|---|
| अन्तिम मौज्दात: (ग): | | |
| कच्चा पदार्थ | २,६३,२५,००४ | १,८६,९९,७३७ |
| प्याकिङ्ग सामाग्री | ३,४४,०१,४१० | २,१३,४३,१६४ |
| **जम्मा (ग)** | **६,०७,२६,४१३** | **४,००,४२,९००** |
| **खपत गरिएको सामानको लागत (क+ख-ग) = (घ)** | **४९,९३,४६,४१०** | **५८,७८,८०,३३७** |
| तयारी /अर्ध तयारी मालको मौज्दातमा वृद्धि/(ह्रास) (ङ) | | |
| शुरूको मौज्दात | ६,४४,२५,५५८ | २,६३,६२,६८२ |
| अन्तिम मौज्दात | ५,७३,१२,८२३ | ६,४४,२५,५५८ |
| **तयारी /अर्ध तयारीमालको मौज्दातमा खुद बृद्धि/(ह्रास) (ङ)** | **(७१,१२,७३५)** | **३,८०,६२,८७६** |
| उत्पादन खर्च (च) | | |
| तलब तथा भत्ता | ३,९२,७६,२७२ | ४,३९,७५,७२४ |
| पानी तथा बिजुली | ४५,७६,१९२ | ४८,१०,१८१ |
| रोयल्टी | २५,७२,७२,६४९ | ३२,३२,३०,२१९ |
| मर्मत तथा संभार | १,३१,९४,३८७ | १,१३,६४,४०६ |
| मिश्रण खर्च | १४,९०,८४० | १६,३०,४०० |
| अन्य खर्च | २४,९२,२९४ | २४,९०,६७६ |
| **जम्मा (च)** | **३१,८३,०२,६३४** | **३८,७५,०१,६०६** |
| **उत्पादन लागत (घ - ङ + च)** | **८२,४७,६१,७७८** | **९३,७३,१९,०६७** |

| विवरण | २०६९/७० (रू.) | २०६८/६९ (रू.) |
|---|---|---|
| अनुसूची –१४ बिकि तथा वितरण खर्चहरू: | | |
| बिज्ञापन खर्च | ४१,६२,२३४ | १,९६,६०८ |
| निकासीमा कमिशन | – | ३,७८,००० |
| ढुवानी खर्च | २,४८,९५,९७३ | २,२८,२३,४२० |
| बाटोमा रहेको सामानको बिमा खर्च | ९०,७९,४१८ | ५१,००,५२५ |
| कम्प्लिमेन्ट्री खर्च | २१,८७,६०१ | ६५,३४,४४३ |
| बिकी प्रवर्धन खर्च | ८,८७,१९,८८१ | ८,१२,९१,९१९ |
| चुहावट तथा टुट फुट खर्च | १,०३,५०,६०१ | १,०१,५२,४४३ |
| होर्डिङ्गबोर्ड भाडा | ४९,४०,५४० | १,०१,४३,७३१ |
| अधिकृत बिकेता सभा खर्च | ३३,४५,३०६ | १५,२०,४०७ |
| बजार व्यवस्थापन शुल्क | १,९८,९१,७७२ | – |
| **जम्मा** | **१६,७५,७३,३२५** | **१३,८१,४१,४९५** |

| विवरण | २०६९/७० (रु.) | २०६८/६९ (रु.) |
|---|---|---|
| अनुसुचि १५ : प्रशासनिक खर्चहरू | | |
| तलब तथा भत्ता | २,७८,६०,५७९ | २,३२,००,३७२ |
| उपदान खर्चको व्यवस्था | ४६,६९,३२९ | २८,०४,३८७ |
| ज्याला | ११,७९,२४३ | १७,११,५४७ |
| कर्मचारि कल्याणकारी खर्च | ८,३६,००५ | ५,७८,३७७ |
| औषद्योपचार खर्च | ३,१६,४७७ | १,८५,०८४ |
| छपाई तथा मसलन्द | ९,३७,६३८ | ७,३८,४०२ |
| पानी तथा विजुली | ३,९७,४८५ | ४,१६,५८३ |
| सञ्चार खर्च | २३,१३,०८७ | २५,५२,४०० |
| बैंक दस्तुर | १५,९९,३४६ | २४,९४,११२ |
| मर्मत तथा सम्भार खर्च | ६३,०२,०८७ | ५०,५१,२४७ |
| बगैंचा सम्भार खर्च | ३४,६५० | ८९,७५९ |
| बैठक शुल्क | २,२१,००० | २,०६,५०० |
| भ्रमण खर्च | ४६,७१,५२८ | ३८,५८,१९७ |
| यातायात तथा इन्धन खर्च | ५२,०४,१८१ | ४८,५५,३४६ |
| भाडा | २९,४४,४२७ | २२,३३,३८२ |
| कर तथा शुल्क | ९,४२,१३४ | १६,११,०३० |
| पोशाक खर्च | ७,५४,३९० | ९,६५,६५४ |
| अतिथि सत्कार खर्च | २०,३२,५८८ | ११,९२,९६७ |
| सुचना तथा मुद्रण खर्च | ९,९६,११७ | ५,६१,९१० |
| सुरक्षा खर्च | ४८,००,१३४ | ४८,१५,४३९ |
| चन्दा खर्च | ११,१७,००१ | ९,३९,११९ |
| सदस्यता शुल्क | ९४,१४१ | १,००,१८१ |
| पुजा खर्च | ३,४०,७३५ | २,६८,९१५ |
| कार्यालय खर्च | ७,५६,७५२ | ३,९१,४०९ |
| प्रयोगशाला खर्च | २,०८,७२१ | ३,८३,७७६ |
| कानूनी तथा पेशागत शूल्क | ३८,५३,९१५ | ३८,४३,३८० |
| लेखा परिक्षण शूल्क | १,५०,००० | १,२०,००० |
| इन्सुरेन्स प्रिमियम | ३९,१२,६५० | ४१,३९,१०७ |
| साधारण सभा खर्च | ३,०५,६२३ | ४,०९,३९५ |
| तालिम तथा भर्ना खर्च | ५,४०,२५५ | ८,६९,८७७ |
| विदेशी मुद्रा विनिमय घाटा | ३,७६,४६६ | १,२९,८०१ |
| विविध खर्च | १०,१६,२५० | ३४,९३,३१७ |
| **जम्मा** | **८,९६,८५,०९६** | **७,५२,१०,९७२** |

| विवरण | २०६९/७० (रु.) | २०६८/६९ (रु.) |
|---|---|---|
| अनुसूची –१६ बित्तिय खर्चहरू | | |
| अधिविकर्ष सुविधामा ब्याज | ३५,२१,२०१ | ५१,२१,३८५ |
| आवधिक ऋणमा ब्याज | ३०,३४,९१६ | १,०५,५१,६३७ |
| अन्य ऋणमा ब्याज | ९९,८९,५२२ | १,१५,०५,००६ |
| **जम्मा** | **१,६५,४५,६४०** | **२,७१,७८,०२९** |

# हिमालयन डिष्टीलरी लिमिटेड

## पर्सा, नेपाल

अनुसूची १७

२०७० आषाढ ३१ (जुलाई १५, २०१३) को वित्तीय विवरण संग सम्बन्धित अनुसूची

महत्वपुर्ण लेखा नीति र टिप्पणीहरू:

### १. साधारण जानकारी:

हिमालयन डिष्टिलरी लिमिटेड एउटा पब्लिक लिमिटेड कम्पनीको रूपमा मिति २०४२/०४/०९ मा नेपालको कम्पनी ऐन २०२१ अन्तर्गत स्थापना भई नेपालमा सञ्चालित छ । यस कम्पनीको रजिष्टर्ड कार्यालय लिपनी विर्ता, पर्सा, नेपालमा रहेको छ ।

यस कम्पनीको प्रमुख काम मदिरा उत्पादन गर्नु हो ।

यस कम्पनीको वित्तीय बिवरणलाई २०७०/०६/१८ मा बसेको सञ्चालक समितिको बैठकले स्वीकृती प्रदान गरेको छ ।

### २. महत्वपुर्ण लेखा नीतिहरू:

कम्पनीका लेखा सम्बन्धी खाताहरू, अन्यथा उल्लेख गरीएकोमा बाहेक, ऐतिहासिक लागत अवधारणा (Historical Cost Convention) तथा एकुअल नीति (Accrual Accounting Concept) (विशेष गरी अनुसूचीमा उल्लेख गरिएको बाहेक) अनुरूप तयार गरीएको छ जुन नेपाल लेखा मापदण्ड, सर्वमान्य लेखा सिद्धान्त तथा कम्पनी ऐन २०६३ मा व्यवस्था भए अनुरूप छन् ।

#### २.१ स्थिर सम्पत्तिहरू र ह्रासकट्टी :

क) कम्पनीका स्थिर सम्पत्तिहरूलाई परल मूल्य र /अथवा निर्माण खर्चका साथै सो सँग सम्बन्धित प्रत्यक्ष खर्च र परियोजना सँग सम्बन्धित संचालन पूर्वका खर्चहरू, वित्तीय खर्च समेत, मा मूल्याङ्कन गरिएको छ । दीर्घकालीन ऋणसँग सम्बन्धित २०५७ साल चैत्र ३० गते सम्मको व्याजलाई, उत्पादनसँग सम्बन्धित स्थिर सम्पत्तिहरूको २०५७ साल आषाढ ३१ गतेको परल मूल्यको समानुपातिक हिसाबले आर्थिक बर्ष २०५७/०५८ मा स्थिर सम्पत्तिमा पूर्जीकृत गरिएको छ ।

ख) व्यवस्थापनले निर्धारण गरेको दर बमोजीम, समदर ह्रास प्रणाली (Straight Line Method) अनुसार ह्रासकट्टी गरिएको छ, जुन गत बर्षको अनुरूप नै छ ।

#### २.२ जिन्सी मौज्दात

- जिन्सी मौज्दातको भौतिक परीक्षण व्यवस्थापनद्धारा गरिएको छ ।
- मौज्दातमा रहेका कच्चा तथा अर्ध तैयारी सामानहरूको मूल्याङ्कन परल मूल्यमा गरिएको छ । उत्पादन लागतलाई समानुपातिक रूपमा अर्ध तैयारी सामानहरूको मूल्याङ्कनमा समावेश गरिएको छ ।
- जिन्सी मौज्दातहरूको मूल्याङ्कन परल मूल्यमा र असुल हुने मूल्यमा गरिएको छ ।
- जिन्सी मौज्दातको मूल्याङ्कन FIFO Basis मा गरिएको छ ।

#### २.३ आयको गणना

आयको गणना, बिक्रीलाई भ्याट र अन्तःशुल्क घटाएर ग्राहकलाई सामान निकासी गरिएको बिजक मुल्यको आधारमा गरिएको छ ।

## २.४ अवकाश योगदान

क. कम्पनीले नियमित रूपमा कर्मचारी संचय कोषमा योगदान गरिरहेको छ र सो रकम कर्मचारी संचय कोषमा राखिएको छुट्टै खातामा नियमित रूपमा जम्मा गरिरहेको छ ।

ख. श्रम नियमावली २०५० मा व्यवस्था भए अनुरूप कम्पनीका कामदार तथा कर्मचारीहरूको लागि उपदानको व्यवस्था गरिएको छ ।

ग. कर्मचारीको आवासको निमित्त कुनै व्यवस्था गरिएको छैन ।

## २.५ आयकर

आयकर ऐन २०५८ मा व्यवस्था भए अनुरूप आर्थिक वर्षको करयोग्य नाफाको निर्धारण गरि चालू करको व्यवस्था गरिएको छ ।

डेफर्ड करको व्यवस्था, करयोग्य नाफा तथा लेखागत नाफाको अस्थाई फरकमा गरिन्छ । डेफर्ड कर सम्पत्तिहरूको गणना त्यस बेला सम्म गरिदैन, जबसम्म उचित निश्चितता हुदैन कि त्यस्ता सम्पत्तिहरू पूर्ति गर्न कम्पनीसँग भविष्यमा प्रसस्त करयोग्य नाफा हुनेछ ।

## २.६ बिदेशी मुद्राको कारोवार

बिदेशी मुद्राको कारोवारलाई कारोवारको मितिमा भएको विनिमय दर अनुसार लेखाङ्कन गरिएको छ । वासलातको मितिमा रहेका सबै बिदेशी मुद्राका सम्पति तथा दायित्वहरू सोहि मितिको विनिमय दर अनुसार लेखाङ्कन गरिएको छ । बिदेशी मुद्रा विनिमय दरमा आउने फरकबाट उत्पन्न हुने नाफा वा घाटालाई विनिमय नाफा वा घाटा शिर्षक अर्न्तगत देखाईएको छ ।

## २.७ कर्मचारी बोनस

बोनस ऐन २०३० मा व्यवस्था भए अनुरूप कर्मचारी बोनसको व्यवस्था गरिएको छ ।

## २.८ नगद तथा नगद बराबर

नगद प्रवाह विवरणको लागी नगद तथा नगद बराबर भनेको हातमा रहेको नगद तथा बैंकमा रहेको रकमलाई जनाउंछ ।

## २.९ ऋणको लागत

चालु वर्षमा तिर्नुपर्ने सबै ऋणका वित्तीय खर्चहरू खर्चमा समावेश गरिएको छ ।

## ३. लेखा सम्बन्धि टिप्पणीहरू:

### ३.१ आसामी, सापटी, पेश्की तथा धरौटीहरू :-

यिनीहरू खाताको बाँकी मूल्यमा देखाइएका छन् । सम्बन्धित पक्षहरूबाट लिन बाँकी रकमको प्रमाणीकरण गरिएको छैन । आसामी तथा पेश्की र धरौटीहरू मध्ये रू ३१,४३,०११ मा मुद्दा चलिरहेको पक्षहरूबाट असुल गर्नुपर्ने देखिन्छ ।

### ३.२ सारिएको खर्च :-

स्पे लिभेट ब्राण्डको पुनःशुभारम्भको लागी आ. व. २०६५/६६ सम्ममा गरीएको खर्च रू. १,३५,७१,१३१ लाई ५ बर्षमा अपलेखन गर्ने गरी सारिएको थियो । जस अनुसार रू. २७,१४,२२६ लाई यस बर्ष अपलेखन गरी यस बर्षसम्ममा सम्पूर्ण खर्च अपलेखन गरीएको छ ।

त्यसै गरी, अफिसर्स च्वाईस को शुभारम्भको लागी आ. व. २०६६/६७ सम्ममा गरीएको खर्च रू. ४३,४३,७२२ लाई ५ बर्षमा अपलेखन गर्ने गरी सारिएको थियो । जस अनुसार रू. ८,६८,७०८ लाई यस बर्ष अपलेखन गरी बाँकी रू. ८,६८,७०८ लाई आगामी बर्षमा अपलेखन गरीने छ ।

त्यसै गरी, अफिसर्स च्वाईसको पुनःशुभारम्भको लागी आ. व. २०६७/६८ सम्ममा गरीएको खर्च रू. १,५७,२३,१६ लाई ५ बर्षमा अपलेखन गर्ने गरी सारिएको थियो । जस अनुसार रू. ३१,४४,६३२ लाई यस बर्ष अपलेखन गरी बँकी रू. ६२,८९,२६४ लाई आगामी २ बर्षमा अपलेखन गरीने छ ।

## ३.३ सम्बन्धित पार्टिसँगको कारोबार :-

### मुख्य व्यवस्थापन ब्यक्तिहरु

कम्पनीको सञ्चालक समितिका सदस्यहरू, प्रमुख कार्यकारी अधिकृत र व्यवस्थापकहरू यस कम्पनीको मुख्य व्यवस्थापन ब्यक्तिहरूमा संलग्न रहेका छन् । सञ्चालक समितिका सदस्यहरू निम्नानुसार रहेका छन्:

| | |
|---|---|
| श्रीमति म्यागी शाह | अध्यक्ष |
| श्रीमान् राज बहादुर शाह | प्रबन्ध सञ्चालक |
| श्रीमान् बिनोद श्रेष्ठ | सञ्चालक |
| श्रीमान् अखिलेश्वर प्रसाद सिंह | सञ्चालक |
| श्रीमान् सान्टु श्रेष्ठ | सञ्चालक |
| श्रीमान् परिमल झा | सञ्चालक |
| श्रीमान् शंकर राज पाण्डे | सञ्चालक |
| श्रीमान् प्रकाशमणि घिमिरे | स्वतन्त्र सञ्चालक |
| श्रीमान् पंकज राज श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |

### व्यवस्थापनका मुख्य व्यक्तिहरूलाई भुक्तानी गरेको सुबिधा

| | छोटो अवधिको सुबिधा | सेवा अवधिपछिको सुबिधा |
|---|---|---|
| प्रबन्ध सञ्चालक | रू. ३०,५२,९०० | रू. ० |
| प्रमुख कार्यकारी अधिकृत | रू. २९,१५,५२५ | रू. ० |

### अन्य सुबिधाहरू

यस बाहेक कम्पनीको नियमअनुसार गाडीको सुबिधा उपलब्ध गराएको छ ।
चालु वर्षमा सञ्चालकहरूलाई बैठक भत्ता बापत रू. २,२१,००० भुक्तानी गरिएको छ ।

### सम्बन्धित अन्य पार्टिसँगको कारोबार

यस कम्पनीले चालू आर्थिक वर्ष २०६९/०७० मा एशियन डिष्टिलरी प्रा. लि. संग रू. २८,४८,८०२/८८ बराबरको सामान खरिद गरेको छ र उक्त डिष्टिलरीलाई रू. १८,२२,४६,५८२/३५ बराबरको स्प्रिट बिक्री गरेको छ ।

## ३.४ आयकर व्यवस्था :-

आयकर ऐन २०५८ मा व्यवस्था भए बमोजिम कम्पनीले स्वयंकर निर्धारण अनुसार आयकर दायित्वको निर्धारण गरेको छ ।

## ३.५ डेफर्ड कर

२०७० आषाढ ३१ मा डेफर्ड कर दायित्वको बिवरण निम्न अनुसार छ :

| | २०६९ आषाढ ३१ मा (रू.) | २०६९ आषाढ ३१ मा (रू.) |
|---|---|---|
| डेफर्ड कर दायित्व | | |
| स्थिर सम्पत्तिहरूमा अस्थाई फरक | (४,८७,७९,३९५) | (४,८४,२८,२८९) |
| अन्यमा अस्थाई फरक | (२१,४७,३९२) | (१३,६८,७११) |
| उपदानको व्यवस्थामा | २८,४१,०७० | |
| **जम्मा** | **(४,८०,८५,७१७)** | **४,९७,९७,०००** |

कर खर्च र लेखांकित नाफा/(नोक्सानी) विच सम्वन्ध :

| विवरण | २०७० आषाढ ३१ मा समाप्त भएको वर्षमा (रू.) | २०६९ आषाढ ३१ मा समाप्त भएको वर्षमा (रू.) |
|---|---|---|
| लेखांकित नाफा/(नोक्सानी) | ७,७९,५९,५०९ | १०,१३,४२,६४५ |
| | | |
| लागु हुने करको दर ३० % ले आयकर | २,३३,८७,८५३ | ३,०४,०२,७९३ |
| कर योग्य नाफा निर्धारण गर्दा समावेश गर्न नहुने आय तथा खर्चको कर प्रभाव | | |
| आसामी तथा सापटी अपलेखन | – | १८,६०,७८२ |
| बिक्री नहुने सामानको अपलेखन | – | ३१,०९,५५० |
| चन्दा खर्च | ३,३५,१०० | २,८१,७३६ |
| जफत गरिएको शेयरलाई पुनः समावेश | – | (५५,२३,४५०) |
| अन्य | २,६५,२१८ | १०,५१,१५९ |
| कर योग्य नोक्सानीको कर प्रभाव | – | (६९,०६,२१२) |
| करमा शुल्क तथा जरिवाना | ३६,७७२ | ११,२४,५३५ |
| डेफर्ड कर खर्च | (२,४०,२४,९४२) | २,५४,००,८९४ |

### ३.६ शेयर जफत :-

कम्पनीले शेयर रकम असुली सम्वन्धी एन. आई. सि. बैंक लि. संग सर्वोच्च अदालतमा भएको मुद्धा मिती २०६९ आश्विन १ मा हारेकोले सर्वोच्च अदालतको निर्णय अनुसार असुली हुन बांकी शेयर रकम रू. ८९,४३,००० (निवेदन ८९,४३० कित्ता शेयरको लागी) लाई वित्तीय बिबरणमा समायोजन गरिएको छ ।

### ३.७ सम्भाब्य दायित्व :-

क ) कम्पनीले आ. व. २०५९/६० को मूल्य अभिबृद्धी कर रू. २,९१,६९५ को लागी ठुला करदाता कार्यालयबाट माग आदेश प्राप्त गरेको जसको लागी आधिकारीक निकायमा मुद्दा दायर गरेको छ ।

ख ) कम्पनीले आ. व. २०६५/६६ मा आ. व. २०६१/६२ संग सम्वन्धित ठुला करदाताको कार्यालयबाट कर परीक्षण भई अन्तः शुल्क वापत रू. २७,७७,७७९ को लागी माँग आदेश प्राप्त गरेकोले जसको लागी आधिकारीक निकायमा मुद्दा दायर गरेको छ ।

ग ) कम्पनीले आ. व. २०६१/६२ संग सम्वन्धित ठुला करदाताको कार्यालयबाट कर परीक्षण भई मूल्य अभिबृद्धी कर वापत रू. २०,४६,००० को लागी माँग आदेश प्राप्त गरेकोले जसको लागी आधिकारीक निकायमा मुद्दा दायर गरेको छ ।

घ ) कम्पनीले आ. व. २०६१/६२ संग सम्वन्धित ठुला करदाताको कार्यालयबाट कर परीक्षण भई अग्रिम आयकर

वापत रू. ७३,१९,०६२ को लागी माग आदेश प्राप्त गरेकोले जसको लागी आधिकारीक निकायमा मुद्दा द
गरेको छ ।

ङ ) कम्पनीले आ. व. २०६२/६३ संग सम्वन्धित ठुला करदाताको कार्यालयबाट कर परीक्षण भई अग्रिम आ
वापत रू. ३,८६,३२० को लागी माँग आदेश प्राप्त गरेकोले जसको लागी आधिकारीक निकायमा मुद्दा द
गरेको छ ।

**३.८ गत बर्षका अंकहरू :-**

गत बर्षका अंकहरूलाई वित्तीय विवरणहरू संग तुलनात्मक हुने गरी आवश्यकता अनुसार पुनः समुहगत
वर्गिकरण गरी देखाईएको छ ।

**३.९ समायोजन :-**

वित्तीय विवरणको अङ्कहरूलाई नजिकको रूपैयाँमा देखाइएको छ ।

| | | | |
|---|---|---|---|
| ............... | .................. | ..................... | ............................... |
| वित्त प्रमुख | प्रवन्ध संचालक | अध्यक्ष | सि.ए. नेमलाल अमात्य<br>साझेदार<br>एन. अमात्य एण्ड कम्पनी<br>चार्टर्ड एकाउण्टेण्टस्<br>काठमाण्डौ |

मिति : २०७०–०६–१८
काठमाडौ

# हिमालयन डिष्टिलरी लिमिटेड

लिपनी बिर्ता गा.बि.स., पर्सा, फोन नं. ०५१-६२०२२३

सम्पर्क कार्यालयः ललितपुर, नेपाल

**लेखापरीक्षक**

सि.ए. नेमलाल अमात्य

साझेदार

एन. अमात्य एण्ड कम्पनी

चार्टर्ड एकाउण्टेण्टस्

काठमाण्डौ, नेपाल

बैंकर्सः

राष्ट्रिय वाणिज्य बैंक

बैंक अफ काठमाडौं लिमिटेड

एन.एम. बि, बैंक लि.